# अनलाइन फर्म व्यवस्थापन सूचना प्रणाली सञ्चालन निर्देशिका

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

व्यवसायिक फर्म व्यवस्थापन सूचना प्रणाली

Firm Management Information System(FMIS)

# नयाँ फर्मको प्रयोगकर्ता (Username) कसरी दर्ता गर्ने ?

- सर्वप्रथम यस विभागको वेवसाइट doc.gov.np मा गएर फर्म तथा कम्पनीको अनलाइन सेवा लेखेको बटन थिच्ने ।




चित्र नं - १

- चित्र नं- १ अनुसार निर्देशन पालना गरे पछि तपाई चित्र नं- २ मा देखाए झै Online User Login Firm जानु हुन्छ ।




चित्र नं- २

- चित्र नं- २ अनुसार नयाँ फर्म दर्ता का लागि प्रयोगकर्ता बनाउने निर्देशन पालना गरेपछि चित्र नं-३ अनुसारको अनलाइन फाराम देखा पर्छ र सो फाराम भरेर I am not a robot लेखेको मा थच्नु पर्छ। त्यसपछि सोधिएअनुसारको चित्र छानेर **Verify** लेखेको थिच्नु पर्छ र **Register** गर्नुपर्छ ।




चित्र नं- ३

चित्र नं- ३ को प्रक्रिया पूरा गरेपछि तपाईले राख्नु भएको मोवाइल नं मा OTP (One Time Password) आउछ। सो OTP राखेर तपाईको अनुरोधको प्रथम चरणको Verification हुन्छ र दोस्रो चरणको चाँही विभागको कर्मचारीबाट नै हुनेछ ।

# पूरानो फर्मको प्रयोगकर्ता (Username) कसरी दर्ता गर्ने ?

- सर्वप्रथम यस विभागको वेवसाइट doc.gov.np मा गएर फर्म तथा कम्पनीको अनलाइन सेवा लेखेको बटन थिच्ने ।




चित्र नं - ४

- चित्र नं- ४ अनुसार निर्देशन पालना गरे पछि तपाई चित्र नं- ५ मा देखाए झै Online User Login Firm जानु हुन्छ ।




चित्र नं- ५

- चित्र नं- ५ अनुसार निर्देशन पालना गरे पछि चित्र नं- ६ मा देखाएको पेजमा प्रवेश हुन्छ ।




चित्र नं- ६

- चित्र नं- ६ मा देखाए झै फर्मको प्रकार छानेर रजिष्ट्रेशन नं. वा फर्मको नाम वा दुवै विवरण खुलाएर खोज्नुपर्छ ।

*नोटः यसरी आफ्नो फर्म वा कम्पनी छान्दा ह्रस्व, दीर्घ को विचार गरेर दुई तीन पटक फर्मको नाम राखेर खोज्नुपर्छ र चित्र नं- ७ मा देखाए अनुसारका विवरणसँग रूजु गर्नुपर्दछ । सिस्टमले ह्रस्व, दीर्घ लगायत Phonetic Check गर्न नसक्ने भएकोले तपाई स्वयमले नै विवेकको प्रयोग गर्नु पर्नेछ ।*




चित्र नं- ७

चित्र नं- ७ मा देखाए अनुसार आफ्नो फर्मको विवरण रूजु गरे पछि **Register** गर्नुपर्दछ । त्यसपछि माथिको चित्र नं- ३ मा गरिएका प्रक्रिया अनुसार कार्य गर्नुपर्दछ ।

# नयाँ प्राइभेट फर्म कसरी दर्ता गर्ने ?

- युजर बनाएर लग इन सफल भए पछि तल चित्र नं- ८ मा देखाएको पेजमा प्रवेश हुन्छ ।




चित्र नं- ८

- यदि नाम पहिले प्रयोग भएको छैन भने सिस्टमले तपाईलाई फर्म दर्ताको अर्को पेजमा लाने छ (चित्र नं- ९ जस्तै) ।




चित्र नं- ९

- चित्र नं- ९ मा देखाएको पेजबाट तपाईले आफ्नो फर्मको प्रकार छानेर नयाँ फर्म दर्ताका लागि अनलाइन फाराममो पेजमा जान सक्नुहुनेछ ।

*नोटः यसरी आफ्नो नयाँ फर्म वा कम्पनीको राख्दा ह्रस्व, दीर्घ को विचार गरेर दुई तीन पटक फर्मको नाम राखेर खोज्नुपर्छ । सिस्टमले ह्रस्व, दीर्घ लगायत Phonetic Check गर्न नसक्ने भएकोले तपाई स्वयमले नै विवेकको प्रयोग गर्नु पर्नेछ ।*

# फर्म दर्ता फाराम




चित्र नं- १०

चित्र नं- १० को फाराममा सोधिएका सम्पूर्ण आवश्यक विवरण भरेर तपाईले Save / Send गरेर विभागमा फर्म दर्ताका लागि प्रक्रिया अगाडि बढाउन सक्नु हुन्छ ।

*नोटः फाराम भर्दा फर्म, प्रोप्राइटरको विवरण र आवश्यक कागजात समेत अपलोड गरी पठाउनु पर्नेछ । विवरण नखुलेमा वा कागजात नमिलेमा विभागले अस्वीकृत गर्न सक्नेछ । स्वीकृत, अस्वीकृत भएको जानकारी इमेल, एस.एम.एस., युजर ड्यासबोर्डमध्ये कुनै एक वा तीनवटै माध्यमबाट गराउन सक्नेछ ।*

# फर्म दर्ता पश्चातका कार्यहरू (Post-Registration Work)

## फर्मको नवीकरण कसरी गर्ने ?

- तपाईको फर्म पहिले नै दर्ता भईसकेको छ भने तपाईले Username र Password राखेर लगइन गर्ने वित्तिकै तलको चित्र नं- ११ जस्तै पेज देखा पर्ने छ ।



फर्म लिस्ट

| दर्ता मिति | रजिष्ट्रेशन नं | फर्मको नाम | फर्मको ठेगाना | फर्मको जिल्ला | प्रोप्राइटरको नाम | उद्देश्य | कारोबार | पूँजी | बहाल रहने मिति | स्थिती |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 2077-04-20 | 3-35-387-1/2077/78 | सागर एण्ड बाबिसा खाद्य पसल | रानीबारी | कञ्चनपुर | सागर कुमार साउद | स्थानीय व्यापार | खाद्यान्न सामग्री को खुद्रा खरिद बिक्री गर्ने | 3,00,000।- (तीन लाख मात्र) | 2079-04-19 | Accept |

** प्रमाणपत्रको लागी कार्यालयमा सम्पर्क गर्नुहोस!

चित्र नं- ११

- चित्र नं- ११ मा देखिएको फर्मको नाममा थिच्नुहोस र चित्र नं- १२ मा देखाएको पेजमा जानुहोस ।




चित्र नं- १२




चित्र नं- १३

- चित्र नं- १२ र १३ मा नवीकरण लेखेको बटन थिचेर नवीकरणका अनुरोध गर्न सकिन्छ । उदाहरणः- चित्र नं- १४




चित्र नं- १४

## फर्मको विवरण कसरी संशोधन गर्ने ?

- चित्र नं- १२ वा १३ मा देखाएको संशोधन बटन थिचेर चित्र नं- १५ मा जानुहेस र चित्र नं- १५ मा देखाए जस्तै संशोधनका लागि अनुरोध गर्नुहोस ।




चित्र नं- १५

संशोधनका लागि अनुरोध

- चित्र नं- १५ को निर्देशन पूरा गरे पछि तपाई संशोधनको पेज (**चित्र नं-१६**) मा जानु हुनेछ । सो पेजबाट अवश्यकता अनुसार संशोधनका लागि अनुरोध गर्न सक्नुहुनेछ ।




चित्र नं- १६

- चित्र नं- १६ को संशोधन पेजबाट फर्मको विवरण संशोधन गर्दा फर्मको फर्मको नाम नेपाली, अङ्ग्रेजी दुवै, ठेगाना गर्दा प्रदेश सहित आवश्यक कागजात समेत अपलोड गर्नुपर्दछ ।

*नोटः नवीकरण र संशोधनको प्रक्रिया सरह नै अन्य अनुरोध जस्तै प्रतिलिपि, खारेजी आदि पनि अनलाइनबाट गर्न सक्नुहुन्छ ।*

## आवश्यक जानकारी

- फर्म नवीकरण, संशोधन लगायतका कार्यहरू गर्दा आवश्यक कागजात समेत अपलोड गर्नु पर्दछ । उदाहरणः करचुक्ता, प्यान वा भ्याट, पूँजीको स्रोत (पूँजी रू १० लाख माथि भएमा), अडिट रिपोर्ट (पूँजी रू ५० लाख भन्दा माथि)
- फर्मको नाम जाँच गर्दा तीन चार पटक, ह्रस्व दीर्घ, इकार उकार समेत फरक पारेर जाँच्नु पर्दछ । नेपाली युनिकोडलाई सिस्टमले पूर्णरूपमा डिटेक्ट गर्न नसक्ने भएकोले कुनै नाम प्रयोगकर्ताबाट रिजर्भ भएता पनि विभागबाट अस्वीकृत हुन सक्नेछ ।
- तपाईको फर्मको विवरण तपाईको युजरनेम र पासवर्ड प्रयोग गरी हेर्न मिल्ने भएकोले त्यसलाई सुरक्षित राख्ने जिम्मेवारी तपाई स्वयम् कै रहेनेछ ।
- पहिले दर्ता भइसकेको फर्मका लागि युजरनेम अनुरोध गर्दा यदि फर्मको नाम भेटिएन भने तपाईले विभागमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा युजरनेम बनाउन सकिने छैन ।
- तपाईले अनलाइनबाट गर्नु भएको अनुरोध विभागका कर्मचारीबाट Verified भए पश्चात तपाईको Dashboard / Mobile / E-mail मा सूचना जानेछ । सो सूचनाका आधारमा तपाईले राजश्व सम्बन्धित बैंकबाट भुक्तानी गरी विभागमा सम्पर्क गर्नु पर्नेछ ।
- तपाईले गर्नु भएको अनुरोध कुनै विदाको दिनमा परेछ भने त्यो अनुरोध अफिस सञ्चालन भए पछि मात्र हेरिनेछ ।
- हाल यो सेवा परिक्षणको क्रममा रहेकाले समस्यारहित नहुन सक्छ ।
- यो सिस्टम अपग्रेड हुँदा तपाईको Dashboard मा समेत हेरफेर हुन सक्छ ।
- Online Payment Integration समेत हुने भएकोले भविष्यमा राजश्व तथा जरिवाना अनलाइन समेत भुक्तानी गर्न सक्नुहुनेछ ।

धन्यवाद